कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
डाछीँ ,काठमाण्डौ, बागमती प्रदेश नेपाल

फोनः ०१-४४५१२४२
फ्याक्स १-४४५०३५६
टोल फ्रि नः१६६००१२७७७७

प.स ०७७/०७८
च.नः

## वहुउदेश्यीय नर्सरी स्थापनाका लागि प्रस्ताव आव्हान सम्वन्धि सूचना ।

**प्रथम पटक प्रकाशित मितिः- २०७७/०६/३०**

यस कागेश्वरी मनोहरा नगरपालिका, कृषि विकास शाखा को आ.व २०७७/०७८को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वहुउदेश्य नर्सरी स्थापना तथा हाल संचालित नर्सरिहरुको क्षमता अभिवृद्धी कार्यक्रम अन्तर्गत **वहुउदेश्यीय नर्सरी स्थापना र सञ्चालित नर्सरीहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन प्रक्रिया,२०७७** बमोजिम सञ्चालन गर्नु पर्ने भएकोले लागत साझेदरीमा सञ्चालन गर्न ईच्छुक कृषि समुह/कृषि सहकारी / कृषि फर्महरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितीले ३० औ दिन (मितिः२०७७/०७/३०गते) सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

**थप जानकारीको लागि कागेश्वरी मनोहरा नगरपालिका ,कृषि विकास शाखामा सम्पर्क राख्न हुन तथा फोन नं .०१-४४५१२४२ र मोवईल नम्वर ९८४९४०४९२०,९८४८१२३२८४ मा सम्पर्क गर्न सक्नुहुनेछ।**

नोटः- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा सो अन्तर्गतका निकायहरु बाट विगत तिन वर्ष भित्र अनुदान प्राप्त गरेका कृषक समुह कृषि फर्म र निजि उद्यमीहरुले/ कृषि सहकारी/अनुदान प्राप्त गर्ने छैनन् ।

**निवेदन सथ पेश गर्नु पर्ने कागजातहरु :-**

१. **नयाँ वहुउदेश्यीय नर्सरी स्थापनाका लागि**
- कार्यक्रम मागको निवेदन।
- समूह/सहकारी/कृषि फर्मको दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- संस्था/समूह नविकरणको प्रमाण-पत्रको प्रतिलिपि तथा वैठकको निर्णय प्रतिलिपी ।
- नेपाली नगरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी ।
- सहकारी संस्थाको हकमा गत आ.व.को लेखापरिक्षणको प्रमाणित प्रतिलिपी ।
- कृषि फर्म, कृषक समूह र सहकरीहरुको गत आ.व. को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- लागत अनुमान विवरण।
- वडा कार्यालयको सिफारिस पत्र।
- नर्सरी तालिम प्राप्त वा कृषि संग सम्वन्धित अनुभव भएमा सो प्रमाणको प्रतिलिपि

२. **संचालनमा रहेको वहुउदेश्यीय नर्सरीका लागि**
- कार्यक्रम मागको निवेदन।
- समूह/सहकारी/कृषि फर्महरुको दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- संस्था/समूह नविकरणको प्रमाण-पत्रको प्रतिलिपि तथा वैठकको निर्णय प्रतिलिपी ।
- नेपाली नगरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी ।
- सहकारी संस्थाको हकमा गत आ.व.को लेखापरिक्षणको प्रमाणित प्रतिलिपी ।
- कृषि फर्म, कृषक समूह र सहकरीहरुको गत आ.व. को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व मा विक्रि गरिएको विरुवाहरु जात,संख्या सहित आम्दानी विवरण।
- संचालनमा रहेको नर्सरीको फोटोहरु।
- वडा कार्यालयको सिफारिस पत्र।

गिरिराज ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत